नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २८ गते २०१७ साल

श्री ५ को सरकार

कानून न्याय तथा संसदीय प्रवन्ध मन्त्रालयको सूचना

गृह मन्त्रालयमा जगेडामा रहनु भई उज्राती फछर्योट कमिशनमा काम गरिरहनुभएका डे. से. श्रीजगन्नाथ उपाध्यायलाई गर्भर्नमेन्ट एडभोकेट पदमा ६ महीनाको अस्थायी सरूवा गर्ने २०१७।९।३०।६ मा श्री ५ को सरकारले निर्णय गरेको छ।

आज्ञाले–

उदयप्रसाद

श्री ५ को सरकारको का. मु. सचिव,

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालयको सचना

यही २०१७ साल पौष २८ गतेको अतिरिक्तांक २१ को नेपाल गजेटमा प्रकाशित नेपाल कोर्टफी ऐन २०१७ को दफा १ को उपदफा (३) मा सो ऐनको दफा १, दफा २६ र दफा ४ को उपदफा (२) तुरुन्त प्रारम्भ हुने र अन्य दफा उपदफाहरू श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकीदिएका मितिदेखि तोकिएका क्षेत्रमा प्रारम्भ हुने गरी

६९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखिएको र दफा २६ मा कोर्टफी सम्बन्धी १९९९ साल मार्ग ८ गते र २००० साल श्रावण १७ गतेको खड्गनिशाना सनद र दण्ड सजायको २८ नम्बरको ऐन उक्त ऐन प्रारम्भभएका मितिदेखि खारेज हुने गरी लेखिएकोमा दफा २६ प्रारम्भ भै सकेता पनि सोही दफाका लवजले उपरोक्त कोर्टफी सम्बन्धी साविकका सनदहरू र ऐन हाल खारेज भएको नभै उक्त नेपाल कोर्टफी ऐन २०१७ को अरू बाँकी जम्मै दफा उपदफाहरू समेतको समुच्चा ऐन प्रारम्भ भएपछिमात्र खारेज हुने हुनाले नेपाल अधिराज्य भरका अड्डा अदालत र सार्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

आज्ञाले,
उदयप्रसाद
श्री ५ को सरकारको का. मु. सचिव
कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

६९२

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।